यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ५९ ○श्रेणी 'क' ○२०७३ मंसिर १४ गते मंगलबार ○ 29 Nov. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

फेवाताल जोगाउन 'पिइएस' कार्यक्रम

प्रभावकारी बन्दै, ताल संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास

भीष्मराज ओझा
पोखरा १३ मंसिर ।

प्राकृतिक विपद् र मानवीय क्रियाकलापका कारण पुरिँदै गएको पोखराको फेवातालको संरक्षण गर्न पछिल्लो समयमा सुरु गरिएको 'वातावरणीय सेवा भुक्तानी' (पिइएस) कार्यक्रम प्रभावकारी बन्दै गएको छ । फेवातालको मुहान क्षेत्रको भू-संरक्षण गर्न तल्लो बजार क्षेत्र वैदाम र ड्यामसाइडका पर्यटन व्यवसायीले ताल पुरिने क्रम रोक्न आम्दानीको केही हिस्सा स्वत:स्फूर्त रूपमा उपलब्ध गराउने गरी 'वातावरणीय सेवा भुक्तानी' कार्यक्रम विसं २०७२ जेठ ७ गतेदेखि सुरु गरेका हुन् । यस कार्यक्रममार्फत फेवाताल आसपासका होटल तथा पर्यटन व्यवसायीले मुनाफाको केही हिस्सा तालको उद्गमस्थलका स्थानीय जनताको कृषि प्रणालीमा सुधार र जीविकोपार्जनमा सहयोग स्वरुप प्रदान गर्न सुरु गरेका हुन् । यसअनुसार दुवै क्षेत्रका जनताको समन्वयमा ताल संरक्षण गर्न संयुक्त कोष स्थापना गरिएको छ ।

कोपमा पश्चिमाञ्चल होटल सङ्घ तथा यु.एस.एआइडीको सहयोगमा विश्व वन्यजन्तु कोष, केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासङ्घ र नेपाल प्रकृति संरक्षण कोषद्वारा सञ्चालित 'हरियो वन कार्यक्रम'ले आर्थिक सहयोग गरेका छन् । केही समय अघिसम्म तालको संरक्षणका विषयमा तल्लो तटीय क्षेत्र (तालको आसपास) का होटल व्यवसायी र माथिल्लो तटीय क्षेत्र (तालको उद्गमस्थल) का जनताबीच असमझदारी थियो । तर दुई वर्ष अघिदेखि सुरु भएको पिइएस कार्यक्रमले त्यस मतभातन्तरलाई समझादारीमा परिणत गरिदिएको ढिकुरपोखरी स्थित छ्छ्रे सुर्केखोला भिडागौडी गौडामुनि सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष कृष्णबहादुर कुँवरले जानकारी दिए ।

उनले भने-'पिइएसअन्तर्गत

प्राप्त रकमले गाउँमा हामीले कृषिमा सुधार, पहिरो नियन्त्रणलगायत आयआर्जनका क्षेत्रमा धेरै काम गरेका छौं । त्यसमध्ये हालैमात्र ग्रामीण बाटोमा एक हजार २० मिटर लामो पक्की कुलो बनाएका छौं । यसबाट वार्षिक करिब ९० टन माटो फेवा जलाधारमा जानबाट रोकिएको छ ।' त्यस्तै, हरियो वन कार्यक्रमले पनि माथिल्लो तटीय क्षेत्रमा पानीको प्रवाह कम गर्न सिमेन्टका स्पर, पहिरो जाने स्थानमा वायो इन्जिनियरिङ बालसहितको तारजाली निर्माण, भिरालो खेतमा माटो बग्नबाट बचाउन कफी तथा अलैंची खेती, डाले घाँस तथा बाँसरोपण र अन्य चेतनामूलक अभिमुखीकरण कार्यक्रम गर्न सहयोग गर्दै आएको कार्यक्रमका प्रतिनिधि रुपेन्द्र घलेले बताए ।

यसअघि, पर्यटन व्यवसायीले ताल देखाएर कमाउने गरेको तर तालको संरक्षणका लागि केही योगदान नगरेको आरोप माथिल्लो तटीय क्षेत्रका बासिन्दाले लगाउँदै आएका थिए । उता, तालको तल्लो तटीय क्षेत्रका बासिन्दाले भने फेवा जलाधार क्षेत्रमा माथिल्लो तटीय क्षेत्रका बासिन्दामाथि जथाभावी गाउँमा बाटो खोल्दा पहिरो गई ताल पुरिँदै गएको आरोप लगाउँदै आएका थिए । वातावरणीय सेवा भुक्तानी कार्यक्रमले दुवै क्षेत्रका बासिन्दालाई मिलेर ताल संरक्षणमा लाग उत्प्रेरित गर्ने विश्वास गरिएको छ ।

आजभन्दा करिब दुई हजार पाँच सयदेखि तीन हजार एक सय वर्षअघि पोखरा उपत्यका उत्पत्ति हुने बेला सो क्षेत्रको पश्चिमबाट बग्ने हर्पन खोलाको मुख थुनिएर आजको फेवाताल बनेको भू-गर्भविद्हरुको भनाइ छ । तालको मुहानमा अवस्थित पञ्चासे, ढिकुरपोखरी, कास्कीकोट, सराङकोट र चापाकोटका पहाडमा जाने पहिरो र भू-क्षयबाट बर्सेनि एक लाख ५९ हजार ५५३ मेट्रिक टन गेग्यान हर्पन र यसका सहायक खोलाले बगाएर फेवा जलाधार क्षेत्रमा ल्याउने गरेको तथ्याङ्क छ । यसले तालको सतह क्रमश: पुर्दै लगेको छ । कोषको रकमबाट माथिल्लो तटीय क्षेत्रमा पहिरो नियन्त्रणका लागि सचेतना तथा तटबन्ध निर्माण, कृषि प्रणालीमा सुधार, सिँचाइ तथा बाटोघाटोको सुधारलगायत कार्य भइरहेकाले ताल पुरिने क्रम कम हुने पश्चिमाञ्चल होटल संघका अध्यक्ष भरतराज पराजुलीको विश्वास छन् । उनले भने-'यस प्रणालीमार्फत ताल संरक्षणलाई आगामी दिनमा वृहत् रुप दिई अघि बढ्ने संघको योजना छ । तर यतिले मात्र तालको जलाधार संरक्षण अभियान पर्याप्त हुँदैन । सरकारले राष्ट्रियस्तरमै गुरुयोजना बनाई ताल संरक्षणमा लाग्नुपर्छ ।' यस बाहेक प्राविधिक जाँच नगराई गाउँमा सुरु गरिएका सडक निर्माणले बर्सेनि धेरै ठाउँमा पहिरो जाने गरेको छ । वातावरण संरक्षणका लागि हरियो वन कार्यक्रमले उपल्लो क्षेत्रमा भान्साभित्रका धुवाँमुक्त गाउँ घोषणा, समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाइ गठन तथा परिचालन, आयआर्जनका लागि घुस्तीकोष परिचालन तथा जीविकोपार्जन सुधार कार्यक्रम, जलवायु परिवर्तन, जैविक विविधता संरक्षण सम्बन्धी सचेतीकरण कार्यक्रम, अग्मिसो र अलैंचीरोपण लगायतका कार्यक्रम गर्दै आएको छ । पृथ्वीनारायण बहुमुखी क्याम्पसका प्रमुख घाडा देवेन्द्र बहादुर लामिछानेले अहिलेकै गतिमा ताल पुरिने क्रम जारी रहेमा अबको २८७ वर्षभित्र ताल पूर्ण रुपमा सुख्खा बगरमा परिणत हुने बताए ।

फेवातालकै विषयमा विद्यावारिधि गरेका उनले ताल संरक्षणका लागि स्थानीयस्तरमा भएका प्रयासलाई सकारात्मक मान्दै राष्ट्रियस्तरमा परियोजना बनाई संरक्षणमा जुटन सरकारलाई सुझाव दिए । फेवाताल सुर्दै गएपछि हाल बजार बनेको पामेबजारमा युवावस्थामा पौडी खेलेको स्मरण गर्दै उनले भने-'मैले आफ्नो जीवनकालमा नै करिब १० प्रतिशत ताल सुकेको अनुभव गरेको छु ।' संरक्षणको मुख्य उपाय भनेको त फेवाको मुहानदेखि तालको मुखसम्म ड्ड्रा, माटो, बालुवाल गायतका ठोस पदार्थ रोक्न विभिन्न स्थानमा तीन तहका कृत्रिम जलाशय निर्माण गर्नु नै हो । यसले त्यस्ता ठोस पदार्थलाई सिधै तालमा पस्नबाट जोगाउने उनको भनाइ छ ।

ताल संरक्षणमा सरकारी तवरबाट खासै सहयोग नभएको स्थानीयबासीको गुनासोका सम्बन्धमा कास्की जिल्ला वन कार्यालयका प्रमुख केदार बरालले उपल्लो क्षेत्रमा रहेका सामुदायिक वनमार्फत संरक्षण कार्यमा समन्वयात्मक सहयोग भइरहेको बताए । जिल्ला बनले त्यस क्षेत्रमा वृक्षरोपणका लागि बर्सेनि विभिन्न जातका बिरुवा निःशुल्क वितरण गर्दै आएको र गैरसरकारी संस्थासँग मिलेर जनचेतना अभिमुखीकरण कार्यक्रम तथा तालिम सञ्चालन गर्दै आएको जिल्ला वन अधिकृत बरालले बताए ।

तत्काल संविधान संशोधन हुन सक्दैन–विष्ट

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

नेकपा एमालेका केन्द्रीय कमिटीका सचिव एवम् पूर्वमन्त्री गोकर्ण विष्टले सरकारको संविधान संशोधनको पयत्नले संविधान कार्यान्वयनमा सङ्कट उत्पन्न गराउने बताएका छन् । प्रेस चौतारी नेपाल कास्कीले पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उहाँले कुनै व्यक्ति विशेष र राजनीतिक दलको चाहना र स्वार्थ पूरा गर्ने गरी त्याइने संशोधनलाई नेपाली जनताले कदापि स्वीकार गर्न नसक्ने बताए ।

उनले संविधान संशोधनको ओचित्य पुष्टि नभएसम्म संशोधनमा एमालेले साथ नदिने बताए । 'एमाले संशोधन गर्ने हुदैन भन्ने पक्षमा छैन, यो गतिशिल दस्तावेज हो तर अहिले हुन सक्दैन ।' उनले कुनै अमूक दल र व्यक्तिको स्वार्थको लागि संशोधन हुन नसक्ने दावी गरे । उनले अहिले गर्ने भनिएको संशोधन देश र जनताको हित अनुकुन नभएको भन्दै जनताको सर्वाभौमिकता, अखण्डा र राष्टिय स्वाभिमान कमजोर बनाउने गरि ल्याउने प्रस्ताव एमालेलाई स्वीकार्य नहुने चेतावनी समेत दिए । उनले भने-'सरकारले भनेजस्तो संशोधन स्वीकार्य छैन, जनताको चाहना र स्वार्थको रक्षाका लागी काम गर्नु एमालेको कर्तव्य हो ।' मिलेर बसेका प्रदेश नं ५ का तराई र पहाडी जिल्लालाई संविधान संशोधनबाट छुट्याउने प्रयास गलत भएको भन्दै एमाले सचिव विष्टले यस्तो प्रस्ताव त्यस क्षेत्रका जनताले स्वीकार्न नसक्ने चेतावनी दिए स्वाधीनता र अखण्डतामाथि आइपर्ने सङ्कटका अगाडि सत्तापक्ष सांसदहरू पनि उभिनुपर्ने बेला आएकामा जोड दिँदै उनले यस्तो गलत प्रयासका लागि एमाले संसदभित्र र बाहिर कडा रूपमा प्रस्तुत हुने बताए प्रेस चौतारी नेपाल कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा भएको सो कार्यक्रममा उपाध्यक्ष रामजी लम्साल र सचिव अर्जुन गिरी लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

अपाङ्गता भएका व्यक्तिलाई अपशब्द प्रयोग गर्ने, हेला, घृणाको दृष्टिले हेर्ने वा होच्याउने कार्य गर्नु गराउनु हुदैन ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

विद्यार्थीको भविष्यमाथि गम्भीर बन्न आग्रह

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

मणिपाल मेडिकल कलेजले आन्दोलनरत संकायका शिक्षकलाई विद्यार्थीको भविष्यमाथि गम्भीर बन्न आग्रह गरेको छ । कलेजद्वारा आयोजित पत्रकार भेटघाट कार्यक्रममा आन्दोलनरत संकायका शिक्षकको मागलाई सम्बोधन गर्ने र व्यवस्थापनका बाध्यतासमेत अध्ययन गरी समस्याको समाधान गर्न सबै पक्ष सहमत भएको अवस्थामा पुन: कक्षा सञ्चालनमा अवरोध गरेकाप्रति गम्भीर ध्यानआकृष्ट भएको कलेजका प्रशासन प्रमुख भानु भारद्वाजले बताए । यही मङ्सिर १ गते जिल्ला प्रशासन कार्यालयमा मणिपाल कजेल व्यवस्थापन प्रतिनिधि, अभिभावक र आन्दोलनरत संकायका प्रतिनिधिबीच सहमति भएर कार्यान्वयनको प्रक्रिया अगाडि बढेका अवस्थामा पुन: विद्यार्थीको पठन-पाठन अवरुद्ध गराइएको उनको भनाइ छ ।

प्रशासनले स्रोत साधनलाई ध्यानमा राखी २०७३ साल १ गतेदेखि लागू हुनेगरी तलब वृद्धिको निर्णय गरेको जानकारी दिए । वृद्धि भएको तलब तथा सुविधा एकमुष्टरुपमा यही मङ्सिर ७ गते भुक्तानी गरिएको र अस्थायी शिक्षकलाई स्थायी गर्ने तथा आकस्मिक कल ड्युटी गरेबापत सट्टा बिदा दिने सम्बन्धमा व्यवस्थापनले काठमाडौं विश्वविद्यालयसँग समन्वय गरिरहेको भारद्वाजले बताए । कलेजका प्राचार्य विएम नागपालले सहमतिअनुसार समिति गठन गरी उक्त समितिको सिफारिसका आधारमा समस्या समाधान गरिने र विद्यार्थीको पठनपाठनमा असर पार्ने गरी आन्दोलन नगर्न संकायका शिक्षकलाईलाई आग्रह गरेका थिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www .goldennews.com.np

ADMISSION OPEN
M.Sc.in
Construction Management
(2 years Program)
Eligibility: B.E in any branch, architecture & surveying from recognized university with at least 2nd division or CGPA 2.0
Entrance Examination : Mangshir 11, 2073 (Dec. 26, 2016)
Pokhara Engineering College (PEC)
(Affiliated to Pokhara University)
Phirke, Pokhara-8, Tel: 061-531209/528530
E-mail: info@pec.edu.np/www.pec.edu.np
Forms can be downloaded from the website too.

कर्मचारी चाहियो
पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।
पद : कुक केटर संख्या : २ जना
पद : वेटर संख्या : २ जना
पद : किचन हेल्पर संख्या : १ जना
पद : डिसवासर संख्या : १ जना
सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

कैलाश मुद्दती खाता
१ वर्षे मुद्दती खातामा
८.२५%
एकमुठ ब्याज भुक्तानी
कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.
प्रधान कार्यालय: न्यूरोड, पूर्वाञ्चलमार्ग, काठमाडौं, नेपाल ।
फोन: ०१-४४४३०३४, ४४३२१३०
टोल फ्री नं: १६६००१११६६६, फ्याक्स: ०१-४४२३६६२
www.kailashbank.com

■ अविरल असफलता बाहेक अरू सबै कुरा सहन सकिन्छ ।

- गेटो

सम्पादकीय ...

सीमाङ्कनमा विवाद किन ?

संविधान निर्माणका बेला झापा, मोरङ र सुनसरी तथा कैलाली र कञ्चनपुरमा मात्र विवाद थियो । ती जिल्लाका बारेमा कुनै निर्णय गर्ने आ'ट नभएपछि अहिले ५ नम्बर प्रदेशका केही जिल्ला यताउता गरेर मधेसी दलको विरोध मत्थर पार्ने तयारी गरिएको छ । झापा केपी ओली र कृष्णप्रसाद सिटौलाको जिल्ला, मोरङ र सुनसरी उपेन्द्र यादव र विजयकुमार गच्छदारको जिल्ला, कैलाली र कञ्चनपुर शेरबहादुर देउवाका क्षेत्र । ती जिल्ला चलाउँदा वा तिनका बारेमा कुनै निर्णय गर्दा राजनीतिक सहमति जुटाउन सकिँदैन । यसैले तराईमा २ प्रदेश बनाउन, थरुहटको माग पूरा गर्न विवादै नभएका ५ नम्बरका जिल्लाहरू यताउता पार्नेगरी प्रस्ताव तयार पारिएको बताइएको छ । 'सबै समान छन् तर केही थप समान हुन्छन् ।' जर्ज अरवेलको सन् १९४५ मा प्रकाशित उपन्यास उपन्यास' एनिमल फार्म'को शासकहरूले सामान्य पशुहरूलाई दिएको यो उत्तर यस प्रसंगमा पनि सम्झना हुन्छ । 'यता ५ नम्बर प्रदेशमा कुनै ठूला नेता छैनन् । यसैले यस क्षेत्रलाई जे गरे पनि हुन्छ । उता १ वा ७ नम्बरमा त ठूला नेता छन् । त्यही कारण ती दुवै क्षेत्र विशेष हुन् ।' सरकारको विशेषगरी प्रधानमन्त्री पुष्पकमल दाहाल र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको यही मानसिकताले विवाद नभएको ५ नम्बरका पहाडी जिल्लालाई चलाएर मुलुकमा द्वन्द्वको अर्को काउसो छर्कन उद्यत देखिएका छन् । सुखैतको विरोधको सम्बोधन तर कैलालीको असन्तोषको उपेक्षा गर्दा गत वर्ष देशले त्यति ठूलो द्वन्द्व, विग्रह र विनाश भोग्नुपरेको यथार्थ यति चाँडै नै बिर्सनु यथार्थमा आत्मघाती मुर्खता हो । राजनीति गर्नेहरूको कुण्ठा, अहङ्कार, स्वार्थ तथा मुर्खताका कारण यस देशका जनताले कति दिन सजाय सहिरहनुपर्ने हो ? संविधान संशोधन आवश्यक छैन भन्ने हठले मुलुकलाई त्यही अन्धकारतिर धकेल्छ पक्षपातपूर्ण व्यवहारले जता धकेल्न लागेको छ । आफूलाई नेता ठान्नेले त देश र जनताका लागि आफ्नै स्वार्थ पो त्याग गर्नुपर्थ्यो । तर, परिवन्द र आक्रोशका कारण मुलुकका ठूला पार्टीको नेतृत्वमा पुगेकाहरूबाट त्याग र न्यायको अपेक्षा राख्न सकिँदैन । संविधान संशोधनको प्रस्ताव पेस गर्ने नदिने वा सांसदलाई फड्के किनाराको साक्षीमात्र बनाउने र जनतालाई तमासा हेर्न विवश बनाउने जिद्दी अलोकतान्त्रिक र विध्वंशक प्रवृत्ति हो । प्रदेशको पुनः सीमाङ्कनको टुंगो लगाउने सबैभन्दा उत्तम विधि सम्बिन्धत जिल्लाका जनतालाई नै निर्णय गर्न दिनु हो । झापा, मोरङ, सुनसरी, कैलाली र कञ्चनपुरका जनताको राय लिने हो भने ५ नम्बर क्षेत्रका पहाडी जिल्लामा जनताको पनि स्वीकृति लिनुपर्छ । एकातिर एउटा र अर्कोतिर अर्कै विधि अपनाउन खोजियो भने ती पहाडी जिल्लाका बासिन्दाले पनि संशोधनको निर्णय स्वीकार गर्नुपर्छ भन्ने नैतिक अधिकार कसैसँग पनि हुँदैन । पाँच नम्बर प्रदेशका पहाडी जिल्ला झापा, मोरङ, सुनसरी, कैलाली र कञ्चनपुरको उपनिवेश हैनन् । तीन दलका शीर्ष नेताहरूको नियत देशलाई विखण्डनकै खाडलमा नखसाली नछाड्ने हो भने अहिले जस्तै कसैलाई काखा र कसैलाई पाखाको नीति तथा विधि अपनाउन् । हैन भने, देशमा थप विद्रोहको बीउ नरोपुन् । यी ठूला भनिएका राजनीतिक दलका अरू नेताले अब देशलाई बर्बाद हुनबाट जोगाउन अग्रसर हुने कि यिनीहरूकै कितदासको जस्तो जीहजुरी गरेर समाप्त हुने हो रोज्ने बेला आएको छ । अहिले ५ नम्बरको पहाडी जिल्लाका सबै पार्टीका नेताहरूले व्यक्त गरेको असन्तुष्टि 'माकाफुई' सिद्ध नहोस् । नेपाल पुष्पकमल दाहाल, शेरबहादुर देउवा र केपी ओलीको निजी सम्पत्ति हैन । लक्ष्मण रेखा नाघ्ने दुश्चेष्टा कसैले नगरुन् ।

आजको पञ्चाङ्ग

मिति २०७३ साल मंसिर ११ गते मंगलबार, तदनुसार नोवेम्बर २९ सन् २०१६, श्रीशार्के १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पश्चीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् शरद ऋतु चलिरहेको छ चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ सौरमान अनुसार आज मार्गशीर्षकृष्णपक्षको अमावश्य तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा तुला राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि २८ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३२ मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०७ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : आठेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहनेछ ।

वृष : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल, पेट वा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खबर प्राप्त होला ।

मिथुन : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ, दिन शुभ रहनेछ ।

कर्कट : गर्न खोजेको काम विफल शुनेछन्, मनमा असान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ ।

सिंह : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

कन्या : विरोधीहरु सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

तुला : मानसिक पीडा थपिने, मानहानी, आफन्त बाट धोका, आम्दानीका श्रोतहरु घट्नेछन् नआतिनु होला ।

वृश्चिक : आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ उपयोग गर्नुहोला ।

धनु : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

मकर : यश कृर्ति बढ्ने, शतुर्माथि विजय हासिल, घरमा नयाँ मान्छेको आगमन, दिन सुखद, समय महत्वपूर्ण रहनेछ ।

कुम्भ : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भटघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

मीन : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ, नास्तिक विचारले सताउनेछ, समय खराब रहेको छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

प्रदूषित फेवाताल तथा सहकारीहरूको छाडातन्त्र



कलाधर आचार्य

विश्वको सर्वोच्च शिखर सगरमाथा र सगरमाथाको देश नेपाल भनेर अन्तर्राष्ट्रिय जगतमा चिनिएको ख्यातिप्राप्त राष्ट्र नेपाल, अनि माछापुच्छ्रेको काखमा अवस्थित सुन्दर शहर पोखरा र काखमा बसीरहेको फेवाताल वास्तवमा मनमोहक र लोभलाग्दो नै छ । तर, सेती नदीमा बाँध बाँधी पोखराको कृषियोग्य जमिनलाई सिंचाई गर्ने सन्दर्भमा विभिन्न ठाउँ, ठाउँहरुमा शाखा, प्रशाखा र साना साना नहरहरु मार्फत पानी वितरण भैरहेको छ । खतराको दृष्टिकोणले तिनै नहरहरु भएको स्थानहरुमा स्थापित व्यवस्था गरी ढाकछोप गरिएको छ । फेवातालको वातावरण र फोहोर, दुर्गन्ध हटाउन तथा सफा राख्ने क्रममा शहरका विभिन्न संघ, संस्था, टोल, आमा समूह, युवा क्लब, लायन्स क्लब, सेना, सशस्त्र प्रहरी, प्रहरी, प्रशासन लगायत पोखरेली बासीहरु सफा गर्ने र फोहोर हटाउने कार्यमा व्यस्त देखिन्छन् । प्राय: सबै नहररु फिर्के खोलामा मिसिई त्यहाँबाट तालमा अवतरण हुन पुग्छन् ।

कोही कसैलाई पनि नाइँघार नबनाउनु, डिलमा पुऱ्याउनु तर नधकेल्ना, यो पंक्तिकारको कर्तव्य हो । तालमा भैंसी नुहाउने, कपडाहरु धुने, सवारी साधनहरु सफा गर्ने, अनि घरघरका फोहोरका नालीहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यहाँ नै पुऱ्याउने, एकातिर कोही सरसफाई कार्यमा व्यस्त छन् भने कोही सम्बन्धित्वाठहरु विपरित कार्य गरिरहेका छन् । त्यति मात्र नभई नाम नामेसी प्रयोग नगरिहालौं, चोरको खुट्टा काट भन्ने आदेश भएपछि चोरले खुट्टा उचाले झैं गरी कसुरदारहरुले आफ्नो अनैतिक कर्तुतको स्मरण गरिहाल्छ । यो पंक्तिकार काम र कारणवश उक्त स्थानहरुमा पुग्दा आफूहरुलाई पायक पर्ने गरी नहररुमा लगाइएको स्प्याप माथि ध्याल पारी वा थारै अन्यत्र सारी आफ्नो घरको र मासु पसलेहरुले बिकी गर्न नमिल्ने सबै खालका फोहोर आन्द्राभुँडी तथा अन्य फोहोर, मैला लाजै नमानिकन त्यही नहरमा फाली तालमा पुऱ्याउने कार्य गरेको दृश्य देख्न, हेर्न पायो । बाटो बाटोमा छाडा चौपाया छोड्ने, भुस्याहा, लुते कुकुर पालनपोषण गरी मालिक हौं भनि रवाफ देखाउनेहरुले सुरक्षाको दृष्टिकोणले पाल्नु स्वभाविकै हो, तर, पालिसकेपछि उचित रेखदेख, स्याहारसुसार, सम्भार गर्न पर्यो नि त । उचित स्थानमा दिसा, पिसाब गराउनु पऱ्यो । दिनभर बाटोमा छोडेर बाटोमा हिड्नेहरुलाई पनि दुःख दिने, कता टोकी हाल्ला कि भन्ने त्रास, टोकी हाल्यो भने जिम्मेवारी को ? अन्तिम समयमा ति कुकुर पाल्नेहरुले खै हाम्रो त होइन भनि जिम्मेवारबाट पन्छिन पनि खोज्छन् । यस्ता मानव भएर नर पशु स्वभाव भएकाहरु र मालिकको धाक देखाई कुकुरको भन्दा पनि निच व्यवहार गर्ने र त्यस्तै त्यस्तै स्वभाव भएकाहरुको कुन शब्दले प्रस्तुत होउँ र भै हाल्यो बढी कोट्यायो भने आफै आएको ठाउँ देखिन्छ रे ।

टोल सुधारको नाउँमा बहाना बनाई सिधा सोझा टोलबासीहरुसँग कस्को सहमतिले वा कुन निकायको आदेश लिई स्वीकृत गराई वार्षिक रुपमा कर असुल गरिन्छ र अनि त्यो प्राप्त रकमको हिसाब, किताब पनि राखिएकै होला नि । बाटो मर्मत, बिजुलीको लाँगा लिइएको भए त बत्ती त चाडपर्व (प्रत्येक बडा दर्शै) मा नगरपालिकाबाट प्रदान भैरहेको छ, बाटो मर्मतको सन्दर्भमा कुरा गर्दा पूर्व समितिको निर्णयलाई कित कार्यान्वयन गर्न पर्यो वा कार्यान्वयन गर्न नसक्ने अवस्था भएमा सोको औचित्य पेश गरी चालु समितिले सहमतिको आधारमा खारेज गर्न पर्यो नि । तब मात्र अरु बाँकी कुराहरु अगाडि बढ्दै जान्छन् । आफूले रकम तिर्न पर्दा बैठिक हुने, दैतिवाट पसिना आउने अनि अरुहरुसँग आँखामा छारो हाली रकम लिन स्वाद पर्ने, आफ्नो आइमा भैंसी हिडेको देख्ने, अरुहरुको शरीरमा जुम्रा हिडेको देख्ने । यस्ता माइकलालहरु कानुन मुखमा र हातमा लिएकासँग खुलेर बातां गर्न र बातांको माध्यमबाट समस्याको समाधान नभएमा सम्बन्धित निकायमा गुहार मान्न तैयार छौं । अनि समितिको निर्णयलाई उल्लंघन गरेमा वा नमानेमा नगरपालिका, सरकारी कार्यालयहरु तथा अन्य गैर सरकारी संस्था वा कार्यालयबाट गरिनु पर्ने र हुने कार्य समपूर्ण रोक्का गर्छौं भनि हाँक दिनेहरुसँग हामी पनि मुकाविला गर्न तयार छौं । के तिनीहरुको मुखमा कानुन छ हँ ? अनि हाम्रो हातमा दही जमाएको छ कि मुखमा केरा कोचिएको छ ? आफ्नो अस्तित्व र स्वभिमानलाई जायज कुरामा र कानुनको पालना गर्ने सिलसिलामा बचाउन हामीलाई पनि याहा छ । तर नाजायज कुरामा धम्की, त्रास देखाएर "हम ठगे सारा दिल्ली हमको ठगे घरका विल्ली" कि, कतै यसोगर्न खोजिएको त होइन ? हो भने कानुनको पालना गरेर सतर्कता अपनाएर आफ्नो पद र मर्यादा भित्र रहेर सम्मानजनक र सामाजिक कार्य गरे राम्रै हुन्छ । दानव होइन मानव भएर सामाजिक प्राणी भै बाँच्न सिक ।

उपरोक्त प्रसंगहरुमा सम्बन्धित निकाय पोखरा उपमहानगरपालिका, टोल विकास संस्था, नगर समन्वय समितिका अध्यक्षको अविलम्ब ध्यान पुगोस् र यस्ता दुष्कार्यहरु गर्नवाट रोक लगाइयोस् भन्ने तर्फ आग्रह गर्न र ध्यान पुगोस् भन्न चाहन्छु । अन्यथा यस्ता कार्यहरुको रोकथाम सम्बन्धित निकायबाट गर्न हिलाई भएमा वैदाम क्षेत्रको त व्यापार, व्यवसाय नै धरापमा पुग्न जान्छ र पर्यटकीय हिसाबले नै चिनिएको पोखराको अस्तित्व नै मेटिन सक्ने र फेवातालमा डुङ्गाको सहाराविना नै तालमा पैदल वारीपारी आवतजावत गर्न सकिने स्थितिको अवस्था पैदा हुन्छ ।

अब जाँडाजाँडै प्रसंग थोरै बदलौं । हुन त यो पनि त्यस्तै त्यस्तै फोहोरी खेल हो । सहकारीको रुपमा स्थापना भएका कतिपय सहकारीहरुमा भएको धाँधली र अप्रत्यक्ष रुपमा ढाँटी, छली गरिएका कुकर्महरु पनि कम निन्दनीय छैनन् । विभिन्न किसिमका नक्कली र किर्ते कागजातहरु खड़ा गरी शैक्षिक भ्रमण, सहकारी भ्रमण, यस्तै यस्तै शीर्षकहरुमा खर्च देखाई बनावटी हिसाबकिताब राखी सरकारलाई तिर्नुपर्ने राजश्व रकम छल्न र सहकारीलाई घाटामा पुऱ्याउने ध्येय राखी शेयर सदस्यहरुलाई नाफा (बोनस) बाँडुन भनि कुकुर खाताको संज्ञा दिई त्यस्तो खातामा जम्मा गरेको रकम खानेलाई के भन्नु पर्ला नि ? बोनस खाने र बाँडुन पल्केका दुधको छाली (तहर) खान र खुवाउन लम्पट काला डाडे बिराली स्वभाव भएका साधुरुपी भेष धारण गरेका पदासिन व्यक्तिहरुबाट नै यसरी अप्रत्यक्षरुपमा भ्रष्टाचार गरेको देखिन्छ कि यस गरी गरी बोनस खान पऱ्यो । सही, यथार्थ र पारदर्शी हिसाबकिताब राखेर स्पष्ट र छलँइ रुपमा देखाई जे जति फाइदा हुन्छ त्यति नै खाए भै हाल्यो, नभए नखादा पनि के फरक पर्छ र ? विभिन्न भ्रमणहरु गरिएको भए को को सदस्यहरु कहाँ र किन गएका हुन्, कति समयको भ्रमण हो, सो बाट भएको उपलब्धी र वास्तविक खर्च फेहरिस्त प्रत्येक शेयर सदस्यहरु तथा सम्बन्धित तालुकदार कार्यालयहरुमा उपलब्ध गराउन सक्नु पऱ्यो ।

मुखले माइकमा बोल्दा अँ, यसो होइन यथार्थ रुपमा बोनसको लागि यसो गरिएको हो भनेर छुट पाईदैन । "सपंले सपंकै खुट्टा देखि हाल्छ रे", सूर्यलाई हत्केलाले छेकेर पनि छेकिदैन । बरु नहँदीकन हामी पदमा रहेकाहरुले यति खायौं, अरु बाँकी तपाईंहरुलाई वितरण गर्‍यौं भनि स्पष्ट रुपमा भन्दिए त चित्त बुझ्थ्यो होला नि ।

साधारणसभाको बैठकमा लेखा समितिको तर्फबाट वार्षिक प्रतिवेदन पेश गर्ने क्रममा एकजना मित्र शायद समितिकै अध्यक्ष हुन वा सदस्य माइकमा बर्बराउँदै थिए। सबै हिसाब किताब ठीक दुरुस्त छ, अनि झण लगानी डुबेको पनि छैन र समयमा नै असुल उपर भैरहेको छ । खराब कर्जा पनि छैन भनेर पछि सभा विर्सजन भए पश्चात चिया पानी कार्यक्रममा थाहा भयो कि स्वयम् उनले नै वर्षौंदेखि लिएको ऋण न व्याज न त साँवा तिरेका रहेनछन् र खराब कर्जाको सूचिमा परेको व्यक्ति रहेछन । यस्तादुर व्यवहार एक थोक गर्ने, बोल्दा अर्को बोल्ने, मुखमा राम राम बगलीमा छुरा स्वभाव भएकाहरुले के साच्चै सहकारीलाई नाफामा पुऱ्याउलान् त ? कुनै एक दिन फर्सी कुहे जस्तो बनाईदिने छन। साधारणसभाको प्रतिवेदन सचिवले पेश गर्न पाउनु पर्ने हो, तर अध्यक्षले पेश गरे भनि कोही एकातिर झोक्रयाएर बसिरहेका देखिन्थे । कतिपय सहकारीमा शेयर सदस्यहरुले जम्मा गरेको प्रमाण (पासबुक) को समेत व्यवस्था छैन । कति व्यवस्थित र पारदर्शी हिसाब हँ । तालमा दुङ्गा फाले जस्तो छ ।

दुई तीन जना व्यक्तिहरुको इसारामा चलेका, मनोमालिन्य तबरले ऋण लगानी गरेका र कहिं कतै त शेयर सदस्यहरुले नै (.....री) सहकारीको संज्ञा समेत दिएका रहेछन् । अगाडिका दुई अक्षर मिलाएर पढ्ने जिम्मा पाठकहरुमा । अब अन्त्यमा, यसरी तहसनहस पार्न खोजिएको सहकारीहरुको ले.प.गर्ने अधिकारी को.ले.नि.का. वा जिल्ला सहकारी कार्यालयको वरिष्ठ व्यक्तिले गर्न पाउनु पर्दछ । नकि संस्था भित्रकाहरुले होइन । तब मात्र आंशिक रुपमा सुधार होला कि । यसरी च्याउ उमे भैं उसैका सहकारी संस्थाको क्रियाकलापहरु लाई जिल्ला सहकारी कार्यालय कास्कीबाट निगरानीमा राखी खराब लगानी गरेका, समयमा कर्जा उठाउन नसकेका, भित्री रुपमा ऋणमा डुबेका र को सक्केली, को नक्कली भनि चिन्न गाह्रो भएका सहकारीहरु पूर्ण रुपमा खोरेजी गर्नु पर्दछ कि ।

प्रचण्डको चेहरामा विकास खोज्दै कास्कीका माओवादी

प्रविणा अधिकारी

सधैंजसो हसिलो चेहरामा देखिने माओवादी केन्द्र नेता राजकाजी गुरुङ शुक्रवार कास्कीका डेढ दर्जन सारथीसहित बालुवाटार छिर्दा उनको अनुहारमा चिन्तामिश्रित गम्भीरता र संकल्प देखिन्थ्यो । पूर्वसभासदसमेत रहेका युवा नेता राजकाजीसँगै बालुवाटार छिर्ने सारथीहरुमा सांसद तेजकुमारी पौडेल, वरिष्ठ पत्रकार कोमल बरालदेखि युवा नेता दीपक कोइराला, रामजी बराल, बखानसिंह गुरुङ, गायत्री दुरा, लालमोहन तिवारी, गंगा पोखरेल, पत्रकार एलपी बज्जरा, रोल्पाली नेता आसमान रोकादेखि सुमन देवकोटा र विश्वप्रकाश लामिछानेसम्म थिए ।

विकासको सपना बोकेर बालुवाटार छिर्नेमा आधा कास्कीका रैथाने र आधा बाहिरबाट कास्कीलाई कर्मथलो बनाएर राजनीति गर्नेहरु थिए । उनीहरुको चेहरामा भन्यो, 'हाम्रो राजनीतिक प्रतिवद्धतालाई अब विकासमा ढाल्नु छ, चार नम्बर प्रदेशकै केन्द्र मानिने पोखरामा मुहार फेर्ने नयाँ संकल्प गर्नुछ ।'

बालुवाटार छिर्नेमा प्रधानमन्त्री प्रचण्डसँग अपरिचित नेता थोरै मात्र थिए । प्रचण्डको आफ्नो जन्मभूमि भएकाले पनि होला, आत्मियताको छुट्टै भाव प्रचण्ड र कास्कीका नेताहरु भल्कन्थ्यो । चतुर नेता राजकाजीले प्रचण्डसँग समय मार्दै कास्कीको विकासबारे आफ्नो धारणा राख्न थाले, त्यसमाथि थपिँदाउ गर्नेमा कोमल बराल, गंगा पोखरेल, दीपक कोइराला, रामजी बरालदेखि सुमन देवकोटासम्म थिए ।

दश मिनेट लामो भनाइको निष्कर्ष सुनाउँदै राजकाजीले प्रचण्डलाई भने-'हजुरको कार्यकालमा यति काम भए भने कास्कीको विकास पनि हुन्छ, माओवादीको भूमिका र जिम्मेवारी पनि बढ्छ ।' मैले पुलुक्क उनको अनुहारमा हेरें, 'सधैंजसो मुस्कुराउने उनको अनुहारमा छुट्टै गम्भीरता र संकल्प झल्कन्थ्यो ।'

एक घण्टाभन्दा लामो बसाईमा जिल्लाका विकास निर्माण, राजनीतिक परिस्थिति र जनभावना बारे खुलेर अन्तर्क्रिया भयो । अधिल्लो निर्वाचनमा उम्मेदवारका लागि लुछाचुडी गर्ने नेताहरुका सिङजुरो फुक्नेको अनुभूति हुन्थ्यो ।

नेता लालमोहन तिवारीले भने, 'अध्यक्ष कमरेड, सबैले आफ्नै गृहजिल्ला र जन्मभूमिलाई महत्व दिन्छन्, हुन त तपाईं राष्ट्रिय नेता हो । तर, अबको चुनावमा कास्कीबाट लडिदिनुपर्यो ।' बाँकी नेताले पनि तिवारीको बोलीमा लोली मिलाए । सबैले एकै स्वरमा भने, 'तपाईंले कास्कीबाट चुनाव लड्नुपर्छ भन्ने हाम्रो मत छ, जनता पनि यही भन्छन् ।' अलिकति निधार खुम्चाए प्रचण्डले भने, 'पहिले पार्टी राम्रो बनाउनुस, विकास निर्माणका काम गर्नुस, जनताको मन जित्नुस्, सेवा गर्नुस् । चुनावबारे फेरि सल्लाह गरौंला ।

जिल्लामा प्रायः राजनीतिक विवाद र विमतिमा अल्झने नेताहरु यसपटक विकासको सपना बोकेर काठमाडौं खाल्डोमा छिरेका थिए । सबैको बडी ल्याङ्वेजले भन्थ्यो, 'अब हामी विकासका काममा मिल्ने संकल्प गरेका छौं ।' यसपटक उनीहरुले जिल्लाका गौरवका योजनादेखि सुकुम्बासीका समस्या, खेलकूदका विकासदेखि फेवातालको संरक्षण, चक्रपथदेखि अन्तर्राष्ट्रिय चिडियाखाना निर्माण सम्मका विषयलाई गम्भीरतापूर्वक उठाएका थिए । जिल्लाका नेताहरुको भावभङ्गीले भन्थ्यो, 'अब विकासका लागि लडौं, विकासकै लागि मिल्ने संकल्प गरौं ।'

माओवादी केन्द्रका नेताहरुले विकासबारे उठाएका जिल्लाका मुद्दा नयाँ थिएनन् । तर, गम्भीर प्रकृतिका पक्के थिए । प्रधानमन्त्री सँगको भेटमा उनीहरुले विकासका १२ मुद्दालाई मुख्य रुपमा उठाए । त्यसमा पोखरा उपत्यकामा चक्रपथ निर्माण, पोखराको मकरीपाटनमा मेडेरेनरी कलेज स्थापना, लुम्लेमा कृषि कलेज निर्माण, पोखराका लागि खानेपानी मुहान मर्मत र संरक्षण परियोजना, पोखरामा ताल संरक्षणका लागि प्राधिकरण गठन, लेखनाथमा अन्तर्राष्ट्रिय चिडियाखाना निर्माण, मादी पारिका गाविस जोड्ने गरी पहाडी रिङरोड निर्माण, ढिकुरपोखरीमा पोलिटेक्निकल कलेज निर्माण, पोखरामा स्थानीय र प्रादेशिक बसपार्क निर्माण, भरतपोखरीमा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, फेवाताल संरक्षण योजना लगायतका मुद्दा प्रमुख थिए ।

जिल्लाको समृद्धिका सपना बोकेर राजधानी हानिएका नेताहरुका माग असीमित त पक्कै थिए । तर, परिपक्व पनि थिए । उनीहरुले समावेश गरेका योजनामा जिल्लाको सबै भूगोल समेट्ने गरी मूख्य सडकहरु, मोटरेवल पुल, सिंचाई, खानेपानी योजना, शिक्षा, कृषि योजना, पर्यटन, भौतिक पूर्वाधार निर्माण, वस्ती संरक्षण तथा नदी नियन्त्रण, जलविद्युतदेखि खेलकूद सम्मका विषयहरु थिए ।

रोचक त यो थियो कि विगतमा रैथाने र आप्रावासीको यदुवंशी लडाईमा अल्झिने नेताहरु यसपल्ट साझा संकल्पसहित कास्की र पोखराको विकासका लागि चिन्तित देखिन्थे । यसले माओवादी केन्द्रका नेताहरु जनताको भावनापति संवेदनशील भएको झल्को दिन्थ्यो । भेटका क्रममा युवा नेता दीपक कोइरालले दमपूर्वक भने,-'सुकुम्बासीका समस्या गम्भीर छन् । सजिलै वस्ती, पानीको सुविधा पार्उदैनन्, नागरिकताको समस्या झन् जटिल छ', प्रचण्डतिर फर्कदै थपे, 'हजुर प्रधानमन्त्री भएको बेला यो समस्याको गाँठो फुकाउनुपर्यो ।' कोइराला यतिमै रोकिएनन्, भने, 'पोखरामा हाम्रो पहलमा खेलकूदमा गुणात्मक प्रगति भएको छ ।' 'पोखरा खेलकूदको राम्रो सम्भावना बोकेको क्षेत्र हो, हामीले सबै ठाउँमा पहल गरेका छौं, भरतपोखरीमा क्रिकेटको अन्तर्राष्ट्रिय रंगशाला चाहियो ।' सँगै बसेका युवा नेता सुमन देवकोटाले टाउको हल्लाउँदै रंगशालाको कुरामा सही थपे । अर्को कुसींमा बसेका आसमान रोकाले पनि कोइरालालाई साथ दिँदै थपे, 'सुकुम्बासीको पानी, बत्ती, लालपुर्जा र मतदाता नामावलीको समस्या समाधान गर्नुपर्यो ।'

कास्कीका नेता रामजी बराल पनि के कम ? उनले पनि जिल्लाको विकासबारे आफ्नो प्रष्ट धारणा राखे । बरालले भने, 'प्रधानमन्त्री ज्यूले संसदमा पनि ढिकुरपोखरीमा पोलिटेक्निकल कलेज निर्माण गछु भन्नुभयो । भ्रमणमा जाँदा पनि भारत सरकारसँग सहयोगका लागि कुरा गरेको सुनियो । कुरा के हो, हामीलाई प्रष्ट कुरा चाहियो ।' बरालसँगै बसेका नेता बखानसिंह गुरुङले पनि पोलिटेक्निकल कलेजकै कुरा उठाए । गुरुङले भने, 'काम हुने प्रचार नहुने भयो । काम जति माओवादीले गर्ने, जसजति अरुले लिने किन हुँदैछ ? चक्रपथ, पोलिटेक्निकल कलेज, विमानस्थल, रंगशाला जस्ता विकासका योजनालाई सरकारले उच्च प्राथमिकता दिनुपर्यो ।'

भेटमा नेता गायत्री दुरा र विश्वप्रकाश लामिछानेको चासो पर्यटनतिर बढी गएको पष्टै झल्कन्थ्यो । उनीहरुले फेवाताल संरक्षण र चक्रपथ निर्माणलाई मूख्य रुपमा उठाए । यता सबैका अभिभावक बनेर बालुवाटार छिरेका कोमलनाथ बरालको चिन्ता राजनीतिका गाँठारुहरुमै थियो । देशको राजनीतिक गतिरोधप्रति उनी चिन्तित् देखिन्थे । समाधानको सूत्र के हो ? उनको अनुहारले कौतूहलताको भाव बोल्थ्यो । विकासका मागबारे कुरा गरिसके पछि अन्तिममा सबैले एकैस्वरमा प्रचण्डसँग याचना गरे, 'अबको चुनावमा कमरेड कास्की आइदिनुपर्यो, यो हाम्रो मात्रै नभएर सबै पार्टी र जनताको पनि माग हो ।' सबै नेताहरुको कुरा सुनेर प्रचण्ड पनि प्रफुल्ल देखिन्थे । प्रायः स-साना भुण्ड बोकेर प्रचण्ड भेटन आउने मनोवृत्तिबाट नेताहरु माथि उठेका थिए । यसपालि उनीहरु कैसैले पनि आफ्नै मित्रको आलोचना र विरोध गरेनन् । सायद यसले प्रचण्डलाई पनि ठूलै राहत मिलेको महशुस हुन्थ्यो । प्रचण्डले पनि नेताहरुसँग मन खोलेर कुरा गरे । उनले कास्कीका समस्या र जनतासँग जिज्ञासापूर्वक धैरै कुरा सोधे । राजनीतिका गाँठादेखि सम्भावनाका क्षितिज सम्म नियालने प्रयास गरे, अनि पाटीको आन्तरिक जीवनदेखि समाधानका सूत्रसम्मको सिलसिलेवार व्याख्या गरे । प्रचण्डको निधारका रेखाहरु हेर्दा लाग्थ्यो, 'उनी गम्भीर संकल्प र सफलताका सुत्रहरुको खोजीमा छन् ।'

विवादका रेखाहरु मेटेर विकासका लागि एकताको संकल्प गरेका कास्कीका नेताहरुलाई देख्दा लाग्यो, 'यिनीहरुसँग सबथोक छ, बुद्धि, विवेक, परिपक्वता, क्षमता अनि विविध प्रतिभाहरुको संयोजन पनि । खाँचो एकताकै थियो ।' एकाबद्ध हुँदा यिनीहरुले जिल्ला मात्रै नभएर प्रदेश नै थर्काउँथे, जनताको भावना जित्थे । तर, यदुवंशी लडाईले सबैलाई कमजोर मात्र बनाएन्, पराजयको सहस्र पनि सिकायो । बालुवाटार प्रवेशले भन्थ्यो, 'हामीले व्यवहारिक गल्तीहरुबाट शिक्षा लिएका छौं, एकताको संकल्प गरेका छौं । अब प्रचण्डको चेहरामा कास्कीको विकास र समृद्धिको चमक देख्न चाहन्छौं ।'

सडक महोत्सव पुसको दोस्रो साता

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

विगत १७ वर्षदेखि निरन्तर आयोजना हुँदै आएको पोखरा सडक महोत्सवको १८औं संस्करण आउदो पुस दोस्रो सातादेखि हुने भएको छ । अंग्रेजी नयाँ वर्षको सुरुवातसँगै आयोजना हुने १८औं पोखरा सडक महोत्सव पुष १२ देखि १७ गते सम्म आयोजना गर्ने तयारी गरिएको रेष्टुरेन्ट एन्ड बार एशोसियसन नेपाल (रेबान)ले पोखरामा सोमबार पत्रकार सम्मेलनको आयोजना गरि जानकारी दिएको हो ।

पोखरा र यस क्षेत्रको कला, संस्कृति, भेषभूषाको जगेर्ना गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा चिनाउने लक्ष्य सहित पोखराको लेकसाईडमा पाँचदिने सडक महोत्सव आयोजना गरिएको महोत्सवका संयोजक गोपीबहादुर भट्टराईले बताए ।

नयाँ वर्ष मनाउन अन्यत्र जाने हुदाँ पोखरा पर्यटनको केन्द्र भएपनि त्यति चहलपहल हुने भएकाले महोत्सवमार्फत पर्यटकलाई आकर्षण गर्न अंग्रेजी नयाँ वर्षमा महोत्सव संचालन गर्दै आएको महोत्सव संयोजक भट्टराईले बताए । नेपालको पर्यटन क्षेत्रमा यो मौसमलाई अफसिजनको रुपमा लिइने भएकाले आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्न महोत्सव आयोजना विगत १७ वर्षदेखि सुरु गरिएको हो । यस मौसममा टेकिङ, ज्याफाटिङ, माउन्टेनिङ जस्ता कार्यहरु अनुकुल नहुने र पर्यटकको संख्या न्यून हुने भएकाले महोत्सव संचालन गरिएको भटराईले बताए ।

पोखराको फिस्टेल गेट, लेकसाईडको अम्मट, गौरीघाट, बाराहीचोक, खहरेदेखि डिहिकोपाटनको करिब ३ किलोमिटर खुल्ला सडकमा महोत्सव संचालन हुने रेवानले जनाएको छ । सडकमै खाऔं, सकडमै नाचौं, सडकमै रमाऔं भन्ने नारा सहित सास्कृतिक तथा खेलकुद कार्यक्रम संचालन भट्टराईले बताए ।

महोत्सवमा ९० लाख आम्दानी र १५ लाख बचत हुने अपेक्षा गरिएको रेवानले जनाएको छ । पोखरामा अवस्थित रेष्टुरेन्टहरुको खानाको गुणस्तर वृद्धि गराउने र स्टलहरुमा बढि मूल्य लिएको पाइएमा कार्वाही गर्ने आयोजकले दावी गरेको छ । पत्रकार सम्मेलन रेवानका अध्यक्ष चौवहादुर गुरुङको अध्यक्षतामा भएको थियो भने संचालन महासचिव विश्वराज पौडेलले गरेका थिए ।

भेला सम्पन्न

पोखरा १३ मंसिर ।

सूचनामा महिला पहुँच र सामाजिक जवाफदेहिताका लागि काहु अर्मला र भलामका महिलालाई छुट्टाछुट्टै रुपमा सञ्चालन भएको तीन दिने तालिम आइतबार सम्पन्न भएको छ। बाल तथा महिला सशक्तीकरण समाज नेपालको आयोजना र एक्सन एडको सहयोगमा महिला अधिकार मञ्च एवम् रिफ्लेक्ट समूहका पदाधिकारी तथा आमा समूहका महिला अगुवालाई उक्त तालिम प्रदान गरिएको हो। तालिममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य तथा सूचना अभियन्ता सुष्मा पौडेलले तीनवटै बडामा प्रशिक्षण दिए। उनले नागरिकको मौलिकका रुपमा रहेको सूचनाको हकका विषयमा धेरैजसो अनविज्ञ भएको कारण सार्वजनिक निकायलाई जवाफदेही र पारदर्शी समेत बनाउन नसकेको भन्दै सूचना माग्ने र दिने पक्ष जुझारु हुनुपर्नेमा जोड दिए त्यस्तै अर्मलाको कार्यक्रममा वडा सचिव वसन्त भट्टराईले सूचनाको हक सबैले जान्नुपर्ने विषय भएको भन्दै सिकेका कुरा व्यवहारमा उतार्न समेत अनुरोध गरे । कार्यक्रमका सहभागीले सूचनाको हकको विषयमा पहिलो पटक तालिम लिन पाउँदा खुसी लागेको भन्दै सिकेका कुरा व्यवहारमा उतार्ने प्रतिबद्धता जाहेर गरेका थिए ।

'नो वर्क नो पे र हायर एण्ड फायर नीति सच्याउ'

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

सरकारले मजदुरहरुको अधिकारलाई कटौती गर्ने गरी नो वर्क नो पे र हायर एण्ड फायरको नीतिलाई नसच्याएमा नेपाल ट्रेड युनियन कांग्रेसले देशभरी नै आन्दोलन गर्ने भएको छ ।

नेपाल ट्रेड युनियन प्रदेश नं. ४ द्वारा पोखरामा आज आयोजना गरिएको श्रमिकका समसामायिक सवाल र सामाजिक सुरक्षा सम्बन्धी प्रदेश स्तरिय गोष्ठीमा बोल्ने मजदुरहरुले सो कुरामा जोड दिएका हुन् ।

संसदमा प्रस्तुत गरिएको सो विधेयक श्रम ऐन र सामाजिक सुरक्षा र मजदुर विरोधी रहेकोले तत्काल सच्चाउन सरकारलाई आग्रह गरिएको छ । उद्योगपति र व्यवसायीलाई संरक्षण गर्ने गरी ल्याइएको सो विधेयक अन्तर्राष्ट्रिय श्रम संगठन आइ.एल.ओ. को महासन्धी विरुद्ध रहेको समेत उल्लेख गरिएको छ ।

सो गोष्ठीको उद्घाटन गर्दै नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण के.सी. ले राज्य पुनर्संरचनाको जटिल स्थिति रहेको बेला कांग्रेस निकट भातृ संगठनहरु जिम्मेवार भएर प्रस्तुत हुन आग्रह गरे । उनले नेपाली कांग्रेसले मजदुरलाई सम्मानित हुने नीति ल्याउनु पर्ने बताउँदै मजदुर र उद्योग व्यवसायको बीचमा सेतुको काम गर्नु पर्ने उल्लेख गर्नु भयो । सभापति के.सी. ले मुलुकको आर्थिक विकासका लागि पनि उद्योग धन्दाको विकास र श्रमिकहरुको संरक्षण हुनु पर्नेमा जोड दिए ।

कार्यक्रममा टेड युनियनका उपाध्यष लालित श्रेष्ठ, नेपाल प्रेश युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेल, टेड युनियनका सदस्य ईश्वर पोरयार, कांग्रेस कास्की सदस्य नविन सिग्देल, प्रदेश नं. ४ का अध्यक्ष हुमहरि शर्मा लगायत विभिन्न जिल्ला जिल्लाका टेड युनियनका अध्यक्ष एवम् टेड युनियन नेताहरुले युनियनको बारेमा बोलेका थिए ।

पर्यटकीय क्षेत्र घार्मीमा सद्वीज छरियो

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

पोखरा उपमहानगर पालिका वडा नं १९ स्थित धार्मिक तथा पर्यटकीय क्षेत्र घार्मीमा यस वर्ष पनि बालाचतुर्दशी पर्वका अवसरमा सद्वीज छरिएको छ । स्थानीय ओमकारेश्वर महादेव मन्दिर व्यवस्थापन समितिले मन्दिर परिसरमा आयोजना गरेको कार्यक्रममा त्यस क्षेत्रका भक्तजन तथा छिमेकी बाटुलेचौर, लामाचौर, अर्मला, पुरञ्चौर, सादीखोला, हेम्जा, कुरेचौर, हरिपाउ, र पोखराका विभिन्न क्षेत्रबाट पुगेका भक्तालुहरुले आफ्ना पितृको सम्झना गरी मन्दिर परिसरमा सद्वीज छरेका थिए ।

शतवंिज छर्ने भक्तालुहरु मन्दिर परिसरमा पुगेका थिए । यसअघि स्थानिय गोपाल पौडेलको घरबाट फूलको डोली निकाली मन्दिर परिसरमा परिक्रमा गराइएको समितिका नन्दराज दाहालले जानकारी दिए। डोलीलाई स्थानीय भजन मण्डल, आमा समूह तथा कर्ता, मन्दिरका अध्यक्ष टिकाराम पौडेल लगायतका टोलिले मन्दिर परिसरसम्म व्यवस्थापन गरेका थिए ।

सहभागी भक्तजनहरुले आफ्ना पितृहरुको सम्झना गर्दै मन्दिरलाई आर्थिक सहयोग समेत गरेका थिए । भजन कितंन र बाजागाजा सहित आयोजना गरिएको कार्यक्रममा साँझसम्म पनि मन्दिरमा पूजा गर्ने र सदविज छर्न भक्तालुहरुको घुईचो लागेको थियो ।

स्थानीय भजन मण्डलीले दिनभर जसो भजन कितंन गरेका थिए । घार्मिमा पछिल्ला दिनमा दृश्य अवलोकनका लागी स्वदेशि तथा विदेशी पर्यटकहरु पुग्ने गर्दछन् ।बाला चतुर्दशि पर्व र सिवरात्रीमा त्यस क्षेत्रमा धार्मिक मेलानै लाग्ने गरेको छ ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पदन र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www .goldennews.com.np

खुशीको खबर !

के तपाईलाई लागीभागी भई छेवभेव गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गड्डी पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुकी, बाँझोपन हटाउने, ग्यास्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५४५४

आवश्यकता

पुरुष कर्मचारी
संख्या : केही
सम्पर्क
कोशेली प्रकाशन
फोन :०६१-५२०६४४
(बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म)

सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. ७, बस्ने मिनकुमार पुनकी श्रीमती मीनाकुमारी पुनको नाउमा रहेको साविक अर्घौं ९ को कित्ता नं. ४६१२ क्षेत्रफल ०-३-३-३ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको र दक्षिणतर्फका सधियारा फेला नपरेकोले कोही कसैलाई बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
४६१२	बाटो	४७०५	२४२४	४६१३

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुबई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :- तयारी कक्षा घमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला सँगै
फोन:०६१-५४०४२, मो. ९८४६०४१४९२

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या: सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई कैहि दिनमै छुटाउने

सुन्दरता:- कालो चार्यो पोतो, डण्डिफोर, दाग धब्बा, मस्किया, कोठी, चाउरिपन हटाई पुरै शरिर गोरो बनाउने ।

दुहुली पातलो शरिरको तौल बढाउनो साथै मोटो पना घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२५४५८, मो. ९८४६९३७४१८

ठिक होला डेलिभरी

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरवार्तांको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रो विशेषताहरु :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५२०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. १२, बस्ने शान्त पुजांकी श्रीमती मीनु पुजांको नाउमा रहेको साविक शिशुवा ९ को कित्ता नं. ४८९९ क्षेत्रफल ०-५-०-० को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको र पश्चिमतर्फका सधियारा फेला नपरेकोले कोहि कसैलाई बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
४८९९	बाटो	४८३२	४९००	४८९८

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वस्तरीय रंगरोगनढका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस, रोयल इम्पायराका साथै सिपेजको समस्या सावधान , बाटर प्रुफिङ्ग गरिन्छ ।
फोन : ०६१-४३०९६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

पोखरामा पहिलो पटक

- यौनवर्द्धक : लिङ्को साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्वल साप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको घिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्पी सुधा पेनबिल।

हाम्रो हर्वल औषधि प्रयोग गर्नाले तपाईलाई कुनै पनि साइड इफेक्ट हुने छैन । यो पूर्ण रुपमा हर्बलबाट बनेको छ ।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

ठिक होला डेलिभरी

ओम डेभलपमेन्ट बैंक लि.
OM DEVELOPMENT BANK LTD.

(साबिकको सिटी डेभलपमेन्ट बैंक लि. र ओम फाइनान्स लि. एक आपसमा गाभिएर बनेको संस्था)
केन्द्रीय कार्यालय : पोखरा-४,चिप्लेढुङ्गा फोन :०६१-५२१५०५, ५२१९१२ फ्याक्स : ०६१-५३३०३८

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिमको वितरण देहाय बमोजिम रहेको छ ।

क	निकायको स्वरुप र प्रकृति :	कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था ।
ख	निकायको काम, कर्तव्य र अधिकार :	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।
ग	निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :	वित्तीय संस्थामा २२६ जना कर्मचारी कार्यरत रहेका छन र संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समुहको नाम र पद http://www.ombank.com.np मा हेर्न सकिन्छ ।
घ	निकायबाट प्रदान गरिने सेवा :	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ मा व्यवस्था भए बमोजिम राष्ट्रिय स्तर को "ख" वर्गका विकास बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ सेवाहरु ।
ङ	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण http://www.ombank.com.np मा उपलब्ध छ ।
च	सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :	वित्तीय संस्थाले सेवा प्रदान गर्दा लिने शुल्क तथा दस्तुर http://www.ombank.com.np/ मा प्रकाशित गरिएको छ ।
छ	निर्णय गर्ने प्रक्रिया र अधिकारी :	वित्तीय कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।
ज	निर्णयउपर उजुरी सुन्ने अधिकारी :	ग्राहकहरुको गुनासो तथा उजुरी गर्नेको लागि हाल केन्द्रीय स्तरमा माधव प्रसाद अधिकारीलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको विवरण यस प्रकार रहेको छ । गुनासो सुनुवाई अधिकारी: माधव प्रसाद अधिकारी फोन नं : ०६१-५२१५०५, ५२१९१२ ईमेल: grievance@ombank.com.np
झ	सम्पादन गरेको कामको विवरण :	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ मा व्यवस्था भए बमोजिम राष्ट्रिय स्तरको "ख" वर्गका विकास बैंकले गर्न सक्ने सम्पूर्ण बैंकिङ तथा वित्तीय कारोवारहरु सम्पादन भइरहेको छ ।
ञ	सूचना अधिकारी नाम र पद :	ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपशिल बमोजिमका अधिकारीहरुलाई तोकिएको छ । सूचना अधिकारी : माधव प्रसाद अधिकारी पद : मुख्य प्रबन्धक साथै यस वित्तिय संस्थाको शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।
ट	ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :	प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ कार्यका लागि प्रमुख रुपमा रहेका छन । १. नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ २. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ ३. कम्पनी ऐन, २०६३, बैंकिङ कसुर तथा सजाँय ऐन, २०५८ ४. सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ ५. धितोपत्र सम्बन्धी ऐन, २०६३, सुरक्षित कारोवार ऐन, २०६३ ६. कार ऐन, २०६५, विनियम अधिकारप्रत्र ऐन, २०३४ ७. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, आयकर ऐन २०५८ ८. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु ९. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु
ठ	आम्दानी, खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धी अद्यावधिक विवरण :	बैंकको आम्दानी खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने बैंकको वेभसाइट http://www.ombank.com.np/ मा समेत राखेको छ ।
ड	बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :	बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ । श्री विश्व मोहन अधिकारी प्रमुख कार्यकारी अधिकृत, ओम डेभलपमेन्ट बैंक लि., चिप्लेढुङ्गा, पोखरा फोन नं : ०६१-५२१५०५, ५२१९१२

your bank, your partner

'महिला सशक्तिकरणका लागि भारत तयार'

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

नेपालकी भूपू उपप्रधानमन्त्री सैलजा आचार्यको परिकल्पनामा भारतका भूतपूर्व प्रधानमन्त्री चन्द्र शेखरले शिलान्यास गरेको श्री सर्वेश्वरी समूह नामक एक प्रतिष्ठानको भारतीय राजदूत रन्जित रेले स्थलगत भ्रमण गरि त्यहाँको वृहत योजनामा सहयोग पुऱ्याउने प्रतिबद्धता जनाएका छन् । राजदूत रे पोखरा-१६ मा निर्माणधिन नेपाल श्री सर्वेश्वरी समूहको परियोजना स्थल पुगेर संबोधन गर्दै नेपालका महिलाहरुको सशक्तिकरण कार्यमा सहयोग पुऱ्याउन भारत सरकार तयार रहेको जनाए ।

भारतले नेपालका ४७ भन्दा बढी योजनाहरुको निर्माणमा सहयोग पुऱ्याएर शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा प्रत्यक्ष सहयोग पुऱ्याएको उनले बताए । नेपाल र भारतको एउटै मुख्य चुनौती विकास हो भन्दै त्यसको लागि सहकार्य गरेर अगाडि बढ्नुपर्ने राजदूत रे ले बताए । उनले आफ्नो देशका भूपू प्रधानमन्त्री चन्द्र शेखर र नेपालका भू.पू उपप्रधानमन्त्री शैलजा आचार्यले ठूलो त्याग गरेको र उनीहरुको सही श्रद्धाञ्जली दिलाउन पनि यो परियोजनालाई सफल तुल्याउनु पर्ने बताए ।

यस्तै साउथ एसिया फाउण्डेशनका महासचिव राहुल वरुवाले आफ्नो संस्थाले यस परियोजनालाई आवश्यक पर्ने विशेषज्ञ चिकित्सक नियमित रुपमा पठाउने प्रतिबद्धता व्यक्त गरे । वरुवाले सर्वेश्वरी समूह नेपाल भारतको संवन्धमा कोशे ढुंगा साबित हुने बताएका थिए ।

यस्तै सांसद शारदा पौडेलले परियोजनामा सहयोग पुऱ्याउने जग्गा दाता, निर्माण दाता सबैलाई धन्यवाद दिदै नेतृ शैलजाको सहि सम्मान र श्रद्धा गर्न उनको महान लक्ष्य र उद्देश्यलाई पुरा गर्नतर्फ लाग्नु पर्ने बताइन् ।

कार्यक्रमका अर्का अभिन्ता एवम् अग्रज समाजसेवी नेपाल सरकारका पूर्व सचिव बाबुराम आचार्यले सर्वेश्वरीले अंघि सारेको परियोजना विशुद्ध सामाजिक संस्था भएकोले कुनै राजनीतिक सोच र पूर्वाग्रह त्यागेर ऐक्यबद्ध रहेर काम गर्न आग्रह गरेका थिए । विचार राजनीतिको छाता, झोला र जुत्ता बाहिरै राखेर संस्थामा सेवा र सहयोग गर्न सकेमा संस्था आफ्नो उद्देश्यमा सफल हुने बताए ।

महिला तथा बालबालिका कार्यालय पोखराकी प्रमुख लक्ष्मी जिसीले जनयुद्ध, भूकम्प र वैदेशिक रोजगारको पीडा सबैभन्दा बढी महिलाले खेप्न परेको बताईन् । उनले उत्पिडनलाई पित्सिएर रहेका महिलाहरुलाई सहयोग गर्न यो संस्थाको आवश्यकता रहेको औल्याइन । कार्यक्रममा सर्वेश्वरी समूह नेपालको केन्द्रीय अध्यक्ष सुष्मिमा वाँस्तोलाले महिलाहरुको सशक्तिकरण एवं मानसिक उपचार तथा पुनःस्थापना केन्द्र बनाउने महान उद्देश्यले स्थापित यो संस्थालाई सबै पक्षको सहयोग महत्वपूर्ण रहने बताइन् ।

कार्यक्रममा विभिन्न सामाजिक संघ-संस्थाका प्रतिनिधि तथा पदाधिकारी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन सामाजिक अभियन्ता लक्ष्मी पाण्डे क्षेत्रीले गरेकी थिइन् । शान्त र सुन्दर वातावरणमा १८ रोपनी जग्गामा एउटा भवन निर्माण भइसकेको छ भने अन्य योजनाको निर्माणको खाका तयार भइसकेको र सहयोग जुट्ने क्रमजारी रहेको बताइएको छ। परियोजनाको खाका सहितको प्रस्ताव राजदूत रे लाई बुझाइएको छ ।

चेतना सहकारीको अध्यक्षमा पहारी

पोखरा १३ मंसिर ।(गोल्डेन)

पोखरा उप-महानगरपालिका वडा नं ६, बैदाममा रहेको चेतना बचत तथा ऋण सहकारी संस्था लि.को १६औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशन सम्पन्न भयो । अधिवेशनले जगत बहादुर पहारीलाई अध्यक्षमा चयन गरेको छ । संस्थाको कार्यसमितिको उपाध्यक्षमा ज्ञानेन्द्रराज कोइराला (विश्व), सचिवमा तेजनारायण पराजुली र कोषाध्यक्षमा परशुराम शर्मा पहारी रहेका छन् । यस्तै संस्थाको सदस्यहरुमा ईन्द्र प्रसाद पौडेल, प्रेम कुमारी पहारी (सुशिला), खबराज पहारी, लोकराज पहारी, महेश्वर पहारी रहेका छन् । सहकारीका अध्यक्ष गिरीराज अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष गिरीराज अधिकारीले पस्तुत गरेको प्रतिवेदन सर्वसम्मत पारित भयो ।

कार्यक्रममा उपाध्यक्ष जगत बहादुर पहारीले स्वागत गरेका भने सचिव ज्ञानेन्द्रराज कोइरालाले कार्यक्रम सञ्चालन गरेका थिए। उक्त अवसरमा संस्थाका शेयर धनी प्रेमराज शर्मा पहारी, नेत्रपाणि अधिकारी र राम् अधिकारीलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा प्रेमराज पहारी, लिलधर अधिकारी, तेज नारायण पराजुली, निर्वाचन संयोजक मेहरमान श्रेष्ठ, होमबहादुर लामिछाने लगायतका वक्ताहरुले संस्थाले गरेको प्रगती र अगिकार गरेको सहकारी सिद्धान्तका बारेमा चर्चा गरेका थिए । संस्थाले आ.व. ०७२/७३ मा १४ करोड ऋण लगानी, १३ करोड निक्षेप संकलन गर्नुका साथै करिव १७ लाख मुनाफा गरेको बताइन्छ ।

सेती नदीमा कायाकिङ प्रतियोगिता शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

जल पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यका साथ सोमबारदेखि पोखरास्थित उपल्लो सेती नदीमा अन्तर्राष्ट्रियस्तरको हिमालयन ह्वाइटवाटर च्यालेन्ज कायकिङ प्रतियोगिता सुरु भएको छ । नेपाल एसोसिएसन अफ च्याप्टिड एजेन्सिज (नाटा)को आयोजनामा सुरु यो प्रतियोगिता पोखरामा भने पहिलोपटक आयोजना गरिएको नाताका केन्द्रीय अध्यक्ष चन्द्रबहादुर दाहालले जानकारी दिए ।

नाराद्वारा यसअघि १४ वटा संस्करण भोटेकोसी र त्रिशुली नदीमा आयोजना गरिएपनि १५औं संस्करण भने पोखरामा आयोजना गरिएको उनले बताए। "प्रतियोगितामा १६ देशका ९२ जनाको सहभागिता रहेको छ", अध्यक्ष दाहालले भने- "विदेशी राष्ट्रका ३७ जना रहेका छन्, जसमध्ये अमेरिकाका प्रतियोगीको सङ्ख्या बढी छ ।" उपल्लो सेती नदीको मर्दीघाटमा प्रतियोगिता गरिएको नाराका महासचिव शेखरबहादुर थापाले जानकारी दिए । नेपालमा जल पर्यटनको विकासका लागि यस किसिमका प्रतियोगिता उपयोगी बन्ने बताउँदै उनले प्रतियोगितामा जल पर्यटनका लागि विदेशी पर्यटकलाई नेपालमा आकर्षित गर्ने विश्वास लिइएको बताए।

च्याप्टिड एवम् कायकिङका लागि विश्वका प्रमुख १० नदीमध्ये नेपालका तीनवटा नदी सुनकोसी पहिलो स्थानमा, कर्णाली पाँचौं स्थानमा र भोटेकोसी सातौं स्थानमा पर्ने अध्यक्ष दाहालले जानकारी दिए। प्रतियोगिता तीन दिनसम्म चल्ने छ ।

हडकङ बजार आगलागी पीडितलाई सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

हडकड बजारका आगलागी पीडितहरुलाई राष्ट्रिय तरकारी तथा फलफूल थोक व्यावसायी संघ, शान्तिवन-९ पोखराले सहयोग गरेको छ । संघका करिब १ सय ३७ सदस्यहरुबाट संकलित ७७ हजार १ सय ५५ रुपैयाँ गरिएको राष्ट्रिय तरकारी तथा फलफूल थोक व्यावसायी महासंघका कोषाध्यक्ष रामप्रसाद लामिछानेले बताए ।

राष्ट्रिय तरकारी तथा फलफूल थोक व्यावसायी संघका अध्यक्ष छेवाङ तामाडले हडकड बजार व्यवस्थापन समितिका अध्यक्ष दिलिप सुनार र बजार संरक्षक राजकुमार सुवेदीलाई संकलित रकम हस्तान्तरण गरेका हुन्।

पीडितहरुको सहयोगार्थ एक थोक व्यावसायी मध्येबाट अनिवार्य पाँचसय भन्दा बढि रकम संकलन गरिएको छेवाड तामाडले बताए ।

गत कात्तिकको २४ राति हडकड बजारमा अचानक आगलागी भई २३ सटर पूर्णरुपमा र ७ सटर आंशिकरुपमा क्षति भएको हडकड बजारका संरक्षक राजकुमार सुवेदीले बताए । सुवेदीका अनुसार पोखरामा संचालित सस्तो बजारहरुसंग सहयोगका लागि आग्रह गरेको उल्लेख गरे । चिप्लेढुङ्गा सस्तो बजारबाट ४० हजार, गण्डकी मिनी मार्केट नयाँबजारबाट ५६ हजार र पोखरा सस्तो बजार पृथ्वीचोकले ८५ हजार, ४ सय, ४२ रुपैयाँ सहयोग गरेको सुवेदीले बताए ।

हडकड बजार व्यवस्थापन समितिका अध्यक्ष दिलिप सुनारले सहयोगबाट आएको रकमलाई आगलागीबाट क्षति भएको सटरहरुको पुनर्निर्माणमा खर्च गर्ने बताए । '९५ प्रतिशत सटरहरुको पुनर्निर्माण कार्य पूरा भइसकेको छ,' सुनारले भने-'सबै सटरहरुको पुनर्निर्माण कार्य पूरा गर्न आठ लाखसम्म लाग्ने समितिले अनुमान लगाएको छ।' बजार व्यवस्थापन समितिले सटरहरुको पुनर्निर्माण गरिँदाएपनि पीडितहरुलाई पुनः व्यवसायमा फर्कन चुनौती रहेको औल्याए। उनले भने-'पीडितहरुको सटर त पक्का बन्ने भयो, तर उनीहरुलाई लगानी कसले गरिदिने?'

कार्यक्रममा संघका सल्लाहकार रुद्रप्रसाद खनाल, राष्ट्रिय तरकारी तथा फलफूल थोक व्यवसायी महासंका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद फुंयाल, कृषि उपज बजार सञ्चालक समितिका पूर्व अध्यक्षद्वय कर्ण गिरी र रामकृष्ण दवाडीले बोलेका थिए ।

संघका अध्यक्ष छेवाड तामाडको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष निर्मलप्रसाद वाँस्तोलाले स्वागत मन्तव्य र सचिव अक्कल बहादुर सिकेले कार्यक्रम सञ्चालन गरेका थिए ।

सोसलमा खेलकूद

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

पोखरा-१० बुद्धचोक स्थित सोसियल पब्लिक स्कुलको स्पोर्टस मिट सोमबार बाट सुरु भएको छ। करिब ८ सय भन्दा बढी विद्यार्थी अध्ययन गर्ने सो विद्यालयका करिब ५ सय विद्यार्थीहरुले खेलकुदमा सहभागीता जनाएको विद्यालयका प्रिन्सिपल खिम गुरुङले जानकारी दिए । स्पोर्टस मिट अन्तर्गत जुनियर तथा सिनियर फुटवल, ह्याण्डवल, टेवल टेनिस एवं ट्रयाक एण्ड फिल्ड अन्तर्गत एथलेटिक्सका सम्पूर्ण खेलहरु आयोजना गरिएको विद्यालयले जनाएको छ । विद्यार्थीहरुले ३ सय मेडलका लागि प्रतिस्पर्धा गर्नेछन । पोखरा रंगशालामा सुरु भएको प्रतियोगिताको नेपाल खेलकुद पत्रकार मंच कास्कीका अध्यक्ष केशव पाठकले उद्घाटन गरेका थिए। प्रतियोगिता मंसिर १७ गतेसम्म संचालन हुनेछ ।

नेसनल प्याब्सानको खेलकुद महोत्सव जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

नेसनल प्याब्सान कास्कीले आयोजना गरेको ११औं खेलकुद महोत्सव अन्तर्गत छात्र छात्र फुटवल प्रतियोगिता प्रि-क्वाटर फाईनलका खेल सम्पन्न भएको छ। सोमवार अञ्चल सशस्त्र प्रहरीको खेल मैदानमा भएको छात्र फुटवलमा युनिभर्सले न्यू लेखनाथ पब्लिकलाई ४-० र हेमजा बोर्डिङले सिद्धार्थ लवडेलाई २-० ले पराजित गऱ्यो।

माछापोखरी खेल मैदानमा भएको छात्रा तर्फको सेभेन ए साईड प्रतियोगितामा चिल्ड्रेन्स ले सनराइजलाई १-० ले गोखले पोखरा क्याम्बिजलाई १-०, कास्की मोडलाइज्डले मर्निङस्टारीलाई टाई ब्रेकरमा ३-० ले र सिद्धिविनायकले वड्स एकेडेमीलाई टाईब्रेकरमा २-०ले पराजित गऱ्यो।

छात्र छात्रको क्वाटर फाईनलका खेल बुधवार रंगशालामा हुने प्रचार प्रसार उपसमितिका संयोजक प्रेमराज अधिकारीले जानकारी दिए।

महोत्वसब औपचारिक रुपमा भने मंगलवार उदघाटन हुदै छ। महोत्सवको उदघाटन युवा तथा खेलकुद मन्त्री दलजीत श्रीपालीले गर्नेछन् भने समापन मंसिर १७ गते दुई बजे रंगशालामा हुने छ।

'एन प्याब्सान कास्कीको सङ्कल्प : खेलकुद शिक्षाको अभिन्न अङ्ग' भन्ने मुल नार लिएको उक्त प्रतियोगितामा भलिवल, फुटवल, वास्केटवल, ह्याण्डवल, टेबुलटेनिस खेलहरु आधारभूत र माथि तहमा छात्र र छात्रा समूहमा खेलाईनेछ।

एथलेटिक्स विधाका सम्पूर्ण खेलहरु महोत्सवमा खेलाईने एन प्याब्सान कास्कीका अध्यक्ष रामबहादुर मोचीले जानकारी दिए। उनका अनुसार महोत्सवमा प्रत्यक्ष र परोक्षरुपमा गरि ४५ विद्यालयका लगभग सात हजार खेलाडी मैदानमा प्रतिस्पर्धाका लागि उत्रनेछन् भने लगभग २५ हजार विद्यार्थी अभिभावकले महोत्सवको अवलोकन गर्नेछन्।

पोखरा बहुमुखीको रक्तदानमा ४५ युनिट संकलन

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

पोखरा बहुमुखी क्याम्पसको ३० औं वार्षिकोत्सवका अवसरमा सोमबार खुला रक्तदान आयोजना गरिएको छ । वार्षिकोत्सवका अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत लायन्स क्लव अफ मेट्रोसिटी पोखरासँगको सहकार्यमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा ४५ युनिट रगत संकलन भएको थियो ।

रक्तदानको क्याम्पस प्रमुख सुनील मसांनी र लायन्स क्लव अफ मेट्रोसिटीका अध्यक्ष आनन्दराज पौडेलले संयुक्त रुपमा ब्लड ब्याग हस्तान्तरण गर्दै शुभारम्भ गरेका थिए । कार्यक्रम संयोजक किरण सिग्देलका अनुसार विद्यार्थी, सर्वसाधारण नागरिक र क्लवका सदस्यहरुले रक्तदान गरेका थिए । 'रक्तदानको कसैको जीवन बचाउन सघाउँछ्या एक युनिट रगत अभावमा कसैले ज्यान गुमाउनु नपरोस भन्ने चाहना हो,' सिग्देलले भने ।

क्याम्पसका विद्यार्थी कल्याणकारी संघका अध्यक्ष सुवास शर्माले शैक्षिक क्षेत्रमा मात्र नभई सामाजिक क्षेत्रमा पनि शिक्षा क्षेत्रको योगदान हुनुपर्ने बताए । क्याम्पस प्रमुख मर्सानीका अनुसार वार्षिकोत्सवका अवसरमा क्याम्पसका विभिन्न तहमा अध्ययनरत विद्यार्थीबीच निबन्ध र कविता प्रतियोगिता गरिएको छ ।

त्यस्तै खेलकुदतर्फ छात्रा र छात्रको विभिन्न टिमको भलिवल र फुटसल प्रतियोगिता पनि सम्पन्न भएका छन् । २०४४ सालमा स्थानीय समुदायले बगरमा स्थापना गरेको यो क्याम्पस केही वर्षपछि नयाँबजारमा सारिएको थियो ।

क्याम्पसमा स्नातक तहमा व्यवस्थापन र मानविकी संकायमा अध्यापन हुन्छ । अहिले ५ सय भन्दा बढी विद्यार्थी अध्ययरत छन् ।

पोखरा वृद्धाश्रमलाई सहयोग

पोखरा १३ मंसिर ।

पश्चिमाञ्चलको नमूना वृद्धाश्रमका रूपमा स्थापित पोखरा वृद्धाश्रमलाई भारतीय नागरिक दिवान कक्षकुमार दत्तले एक लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन्। भारतको नयाँदिल्ली घर भई पोखरामा बस्दै आएका उनले आफ्नी छोरी मलदत्त तलवारको स्मृतिमा वृद्धाश्रमलाई सहयोग गरेका हुन् । पोखरा वृद्धाश्रममा आयोजित एक कार्यक्रमका बीच दत्तले आश्रमका अध्यक्ष वसन्त केशव पराजुलीलाई उक्त रकम हस्तान्तरण गरे । नेपाल सरकार, विभिन्न सङ्घसंस्था एवम् व्यक्तिहरूको सहयोगले वृद्धाश्रममा लगभग एक करोड रुपैयाँको लागतमा पक्की नयाँ भवन निर्माण भइरहेको छ भने वृद्धाश्रमको सुरक्षाका लागि आवश्यक कम्पाउण्ड वाल लगाउन एक करोड रुपैयाँ खर्च लाग्ने आश्रमका अध्यक्ष पराजुलीले बताए।

नयाँ शक्ति पार्टी नेपाल अर्मलामा परियार

पोखरा १३ मंसिर ।(गोल्डेन)

नयाँ शक्ति पार्टी नेपाल निर्वाचन क्षेत्र नं. ४ को आयोजनामा सोमबार अर्मला गाविसमा बसेको भेलाले अर्मला गाँउ परिषद् समिति गठन भएको छ। भेलाका प्रमुख वक्ता नयाँ शक्ति नेपाल केन्द्रिय कार्यकारी सदस्य जित बहादुर गुरुङ 'मामा'ले समृद्ध नेपाल निर्माणका लागि नयाँ विचार, संगठन र आचरण सहित वैकल्पिक राजनीतिक दल निर्माणका बारेमा प्रस्ट्याउदै देशको आर्थिक समृद्धिमा लाग्नुपर्ने बताए । त्यस्तै विशिष्ट वक्ताको रुपमा बोल्दै नयाँ शक्ति जिल्ला संयोजक हेम बहादुर थापाले समृद्ध नेपाल निर्माणका लागि सम्पूर्ण युवाहरुलाई स्वदेशमै रोजगारको वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिए । भेलाले राम किसान परियारको संयोजकत्वमा ४१ सदस्यीय समिति गरेको छ ।

जसमा सदस्य विर सिह गुरुङ, गुमान सिह परियार, शेर बहादुर परियार, भिम बहादुर परियार, कमल परियार, विज्ञान गुरुङ, डोर बहादुर गुरुङ, रिक बहादुर गुरुङ, मगले परियार, लोके परियार, गोविन्द परियार, आइते परियार, फूलमाया परियार, शोभा परियार, कृष्ण नेपाली, दल बहादुर गुरुङ, टेक बहादुर गुरुङ, थम बहादुर गुरुङ, भक्त बहादुर गुरुङ, विनोद परियार, महिला वडा नागरिक मञ्च विमाया गुरुङ, हेल्थ पोष्ट स्वंमसेविका चन्द्र गुरुङ, अनिता परियार, विमता परियार, ठुलो दुङ्गा तथा कयरे सामुदायीक वन अध्यक्ष गिन बहादुर गुरुङ, टौथी गुरुङ, विमला परियार, सोम बहादुर विक, देव बहादुर गुरुङ, कुल बहादुर परियार, मनोज गुरुङ, ओम बहादुर गुरुङ, तुलस गुरुङ, विष्णु परियार, सोम बहादुर परियार, दिना परियार, राजकुमार परियार, लोकमाया परियार र मनसुवा परियार रहेका छन् । भेलाको अध्यक्षता गर्दै तमु राष्ट्रिय परिषद कास्कीका संयोजक एक बहादुर गुरुङले समितिलाई बधाई दिदै कुरा भन्दा कामलाई जोड दिनुपर्ने बताए । भेलामा नव निर्वाचित संयोजक परियारले आर्थिक समृद्धिको बाटोलाई पछ्याउदै स्थानीयको मर्मअनुसार कार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । भेलामा केन्द्रीय परिषद् सदस्य लक्ष्मी गुरुङ, प्रदेश सहसंयोजक दुर्गा गुरुङ, सँघिय समाजबाद बडा नं. १६ का संयोजक प्रदिप गुरुङ लगाएतले शुभकामना मन्तव्य राखेका थिए । भेलामा स्वागत मन्तव्य महिला शक्ति कास्कीकी सहसंयोजक कमला भण्डारीले गरेकी थिइन् भने संचालन जिल्ला सहसंयोजक शम्भु खाती परियारले गरेका थिए ।

Study in Japan
Czech Republic
USA, Australia, Norway

- 100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in JAPAN .
- SLC passed can apply . April Intake
- Almost all intake czech Republic .
- Free Education in Norway & Finland .
- Help to make all kind of documentation for any Countries .

Now Running IELTS, JLPT Classess

ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

के तपाईंमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।

महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरु ।

महिला वा पुरुषमा हुने (बाँझोपन) मि.सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पाथ्रल, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःखे, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८९४८, ९८६६०४९९३१, ९८०४९७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष / प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा